# ढोरपाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बुर्तिवाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१

चलानी नं.:-

मिति

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धिका लागि**

**आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**तह वृद्धि सूचना नं १-२०८०/०८१**

(सूचना प्रकाशन मितिः २०८१/०३/२४)

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन, सञ्चालन) ऐन, २०७९ को दफा २७ अनुसार तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता,' न्यूनतम सेवा अवधि पूरा गरेका तथा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत ९५% वा सो भन्दा बढी अंक प्राप्त गरेका र दफा ३९ अनुसार सेवा अवधि पूरा गरेका तथा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका कर्मचारीहरुले सम्बन्धित सेवा, समूह, उपसमूह भित्र तह वृद्धिका लागि स्थानीय सेवा (गठन, सञ्चालन) नियमावली, २०८० को अनुसूची १५ बमोजिमको तहवृद्धि आवेदन फाराम २ (दुई) प्रति (नेपाली कागजमा) भरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई ७ (सात) दिन भित्र निवेदन पेश गर्न सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेश गरेका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनमाथि कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

२०८१/०३/२६

विष्णु प्रसाद ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत